# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, वैशाख १३ गते २०५६ साल (संख्या २

## भाग ३

### महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ को दफा २ को खण्ड (क.१) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले सोही खण्डको प्रयोजनका लागि नेपाल रेड-क्रस सोसाइटी, नेपाल बाल संगठन र नेपाल परिवार नियोजन संघमा पूरासमय लेखा वा लेखापरीक्षणको काम गरेको अनुभवलाई पनि तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
बच्चुराम दाहाल
नायब महालेखा परीक्षक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०५५।१०।२० को निर्णयानुसार नेपाल वन सेवा, स्वायल एण्ड वाटर कन्जरभसन समूहका रा.प. प्रथम श्रेणी (प्रा.) भू तथा जलाधर संरक्षण बिभागका श्री केशरमान स्थापितले आफ्नो पदबाट दिनु भएको राजीनामा मिति २०५५।७।२९ गतेदेखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०५५।११।१० को निर्णयानुसार नेपाल वन सेवा, जनरल फरेष्ट्रि समूहका रा. प. प्रथम श्रेणी (प्रा.) वन तथा भू संरक्षण मन्त्रालयको पुल दरवन्दीका श्री तारानाथ भट्टराईले आफ्नो पदबाट दिनु भएको राजीनामा मिति २०५५।७।१९ गतेदेखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।